लघु, घरेलु तथा साना उद्योगका उत्पादनको बजारीकरणकम जोड

आर्थिक समाचारदाता
काठमाडौं, जेठ २

संस्कृति, पर्यटन तथा नागरिक उड्ययनमन्त्री सुदन किरौंतीले अर्थतन्त्रको जग माथि उठाउन लघु, घरेलु तथा साना उद्योगका स्थानीय उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउनुपर्ने बताएका छन् । नेपाल घरेलु तथा साना उद्योग महासंघको प्रतिनिधिमण्डलसँगको छलफलमा उनले पर्यटन उद्योग र लघु, घरेलु तथा साना उद्योगलाई जोडेर लैजानुपर्ने अहिलेको आवश्यकता रहेको बताएका हुन् ।

पर्यटन उद्योग बिस्तारै लयमा फर्किएको भन्दै उनले यसको प्रवर्द्धनका लागि घरेलु उद्योगलाई पनि सँगै जोडेर लैजानुपर्ने आवश्यकता औंल्याए ।



यस्तै, उनले महासंघले आगामी मङ्सिरमा गर्न लागेको 'सगरमाथा राष्ट्रिय सम्मान तथा नेपाल प्रवर्द्धन कार्यक्रम-२०८०' लाई मन्त्रालयको तर्फबाट सहयोग रहने प्रतिबद्धता पनि व्यक्त गरेका छन् ।

सो अवसरमा नेपाल प्रवर्द्धन कार्यक्रमको कार्यान्वयन मोडालिटीको बारेमा पनि छलफल भएको थियो । महासंघले हरेक वर्ष आयोजना गर्ने गरेको औद्योगिक प्रदर्शनीको आगामी शृङ्खला 'नेपाल १७ औं अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा घरेलु उद्योग महोत्सव-२०८०' यसवर्ष 'सगरमाथा राष्ट्रिय सम्मान तथा नेपाल प्रवर्द्धन कार्यक्रम-२०८०' को नामबाट गर्न लागेको छ ।

नेपाल सरकारसँगको सहकार्यमा नेपाल घरेलु तथा साना उद्योग महासंघ र राष्ट्रिय उद्योग व्यापार महासंघ मिलेर आगामी मङ्सिर महिनामा उक्त कार्यक्रम आयोजना गर्न लागेको महासंघका अध्यक्ष उमेशप्रसाद सिंहले जानकारी दिए ।

कार्यक्रममा नेपाल घरेलु तथा साना उद्योग महासंघका निवर्तमान अध्यक्ष श्याम गिरी, राष्ट्रिय उद्योग व्यापार महासंघका अध्यक्ष शिव प्रसाद कट्टेल, महासंघका उपाध्यक्ष हरिहर थापालगायतको सहभागिता रहेको थियो ।

छैटौं चेम्बर एक्स्पो बिहीबारबाट सुरु हुने

आर्थिक संवाददाता
काठमाडौं, जेठ २

नेपाल चेम्बर अफ कमर्सको आयोजनामा छैटौं चेम्बर एक्स्पो काठमाडौंको भृकुटीमण्डपमा बिहीबारबाट सुरू हुने भएको छ । जेठ ४ गतेदेखि ८ गतेसम्म चल्ने व्यापार मेलामा स्वदेशी उत्पादनसँगै विभिन्न अन्तर्राष्ट्रिय वस्तुहरूको प्रदर्शनी गरिने चेम्बरले जनाएको छ ।

छैटौं संस्करणमा व्यापारिक अन्तर्किया, आयात निर्यातको सूचना आदान प्रदान एवं नेपाली वस्तुहरूको बजारीकरणमा जोड दिइने चेम्बर अध्यक्ष राजेन्द्र मल्लले बताए । मुलुकभित्र आयोजना हुने अन्तर्राष्ट्रियस्तरका व्यापार मेला तथा प्रदर्शनीहरूले उत्पादन, उपभोक्ताको चाहना एवं बजारीकरण तथा व्यापारिक गतिविधिहरूको प्रत्यक्ष अवलोकन गर्न सकिने अध्यक्ष मल्लको भनाइ छ । चेम्बर एक्स्पोले बाह्य व्यापारिक समुदायसँग सहकार्य भई स्वदेशी उद्यमी व्यवसायीहरूमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न समेत प्रभावकारी भूमिका खेल्ने उनले बताए ।

चेम्बर एक्स्पोमा नेपाली हस्तकलाका उत्पादनहरू, घरेलु तथा खाद्यान्नका सामग्रीहरू, जडिबुटीजन्य वस्तुहरू प्रदर्शनी गरिने चेम्बरले जनाएको छ । यस्तै, अटोमोबाइल, विद्युतीय सामग्री, फेसन वेयर, छालाजन्य वस्तुहरू समेत प्रदर्शनीमा राखिने छ । मेलाको करिब डेढ लाख जनाले अवलोकन गर्ने व्यापार मेला समितिका सभापति राष्ट्रभूषण चाकुबजीले बताए । मेलामा नेपाललगायत भारत, पाकिस्तान, बंगलादेश तथा अन्य विभिन्न मुलुकमा उत्पादित सामग्रीहरूको स्टल रहने छ । मुलुकको अर्थतन्त्र चलायमान बनाउन एवं गुणस्तरीय वस्तु प्रयोग गर्नका लागि उपभोक्तालाई सचेत गराउने उद्देश्यले मेला आयोजना गरिएको अध्यक्ष मल्लले बताए ।

टेलिकमद्वारा भारत र थाइल्यान्डमा प्रयोग हुने रोमिङ सेवाको महसुलमा कटौती

आर्थिक संवाददाता
काठमाडौं, जेठ २

नेपाल टेलिकमले भारत र थाइल्यान्डमा नेपाल टेलिकमको प्रिपेड तथा पोस्टपेड मोबाइल सेवा प्रयोग गर्दा लाग्ने रोमिङ सेवाको महसुल दरमा उल्लेख्य कटौती गर्ने भएको छ । मे १७ मा मनाइने आईटीयू डेको अवसरमा बुधबारदेखि लागू हुनेगरी नयाँ महसुल दर कायम हुने भएको हो ।

नेपाल टेलिकमको प्रि-पेड तथा पोस्टपेड मोबाइल लिएर यी दुई देश जाने सेवाग्राहीले पहिलेभन्दा सस्तो दरमा रोमिङ सेवा प्रयोग गर्न सक्नेछन् । नयाँ दरअनुसार भारतमा नेपाल टेलिकमको सिम लिएर भारतकै कुनै नम्बरमा कल गर्दा प्रतिमिनेट सात रूपैयाँ शुल्क लाग्ने छ । त्यसैगरी, नेपाल वा अन्य देशको जुनसुकै नम्बरबाट आएको कल उठाउँदा पनि प्रतिमिनेट सात रूपैयाँ लाग्नेछ भने एसएमएस गर्दा प्रतिएसएमएस पनि सात रूपैयाँ नै लाग्नेछ ।

हाल भारतको कुनै नम्बरमा कल गर्दा



३० रूपैयाँ, अन्य नम्बरबाट आएको कल उठाउँदा १४ रूपैयाँ र एसएमएस गर्दा २४ रूपैयाँ लाग्ने व्यवस्था छ । त्यसैगरी, थाइल्यान्डमा नेपाल टेलिकमको प्रिपेड तथा पोस्टपेड मोबाइलबाट कुनै थाइल्यान्डमै भएको नम्बरमा कल गर्दा र नेपालमा भएको नम्बरमा कल गर्दा प्रतिमिनेट ५० रूपैयाँ लाग्ने गरेको छ । त्यसैगरी, आएको कल उठाउँदा प्रतिमिनेट २५ रूपैयाँ र एसएमएस गर्दा प्रतिएसएमएस १० रूपैयाँ लाग्नेछ । हाल कुनै नम्बरमा कल गर्दा एक सय ३५ रूपैयाँ र अन्य नम्बरबाट आएको कल उठाउँदा ९० रूपैयाँ लाग्ने व्यवस्था छ । एसएमएस गर्दा प्रतिएसएमएस ३४ रूपैयाँ लाग्छ ।

त्यसैगरी, डाटा चलाउँदा हाल प्रतिएमबी ४० रूपैयाँ शुल्क भएकोमा अब प्रति १०० केबी ०.४९ पैसा मात्र लाग्ने छ । यसअनुसार प्रतिएमबी करिब पाँच रूपैयाँ मात्र लाग्ने छ । अन्य देशमा जाँदा/रहँदासमेत नेपाल टेलिकमकै मोबाइल नम्बर प्रयोग गर्न सकिने सुविधा नै अन्तर्राष्ट्रिय रोमिङ सेवा हो । यो सुविधा लिएपछि विदेश गएको समयमा पनि नेपाल टेलिकमकै मोबाइल नम्बर (सिम) प्रयोग गरी कल गर्न र फोन उठाउन, इन्टरनेट चलाउन तथा एसएमएस आदानप्रदान गर्न सकिन्छ ।

नेपाली स्मार्टवाच 'अल्टिमा वाच म्याजिक' सार्वजनिक

आर्थिक समाचारदाता
काठमाडौं, जेठ २

अल्टिमा लाइफस्टाइलले आफ्नो नवरचनात्मक उत्पादन 'अल्टिमा वाच म्याजिक' बजारमा सार्वजनिक गरेको छ । यो अत्याधुनिक स्मार्ट वाचमा आकर्षक मूल्य र उत्कृष्ट विशेषताहरूको उत्तम संयोजन रहेको कम्पनीको दाबी छ । अल्टिमा वाच म्याजिक तीन हजार पाँच सय ९९ रूपैयाँमा दुवै अनलाइन र अफलाइन खरिदका लागि उपलब्ध छ ।

कम्पनीका अनुसार अल्टिमा वाच म्याजिकमा १.८३ इन्चीको समेट्रिकल र स्मूथ अल्ट्राम्यू डिस्प्ले रहेको छ । यसमा उच्च प्रविधिको स्वास्थ्य जान्ने क्षमता साथै पालतो र आरामदायक प्रिमियम सिलिकन स्ट्याप (ब्याण्ड) पनि जडित छ, जसले गर्दा दिनभर आरामले घडी लगाउन सकिनेछ । यो स्मार्टवाच निर्याध क्षमा सजिलै अल्टिमा स्मार्ट आपसँग कनेक्ट हुन्छ । यति मात्र नभई यो स्मार्ट वाच



आईपी६८ पानी प्रतिरोधक छ भने यसमा ११० भन्दा बढी स्पोर्ट्स मोडहरू, अटो स्लिप, र बल्ड अक्सिजन ट्र्याकिङ प्रविधि पनि रहेको छ । यी प्रभावशाली सुविधाहरूको सूचीमा अल्टिमा वाच म्याजिकले यो मूल्यखण्डमै पहिलो पटक १.८३" डिस्प्ले सहितको बीटी कलिंग (ब्लु-तूथ) विशेषता पनि समावेश गरेको छ ।

कम्पनीको परिकल्पना हरेक नेपालीहरूमा टेक्नोलोजी प्रयोग गरी स्वस्थ र खुसी जीवन सम्भव तुल्याउन सकोस् भन्ने रहेको छ । यही परिकल्पनालाई प्रवर्द्धन गर्नका लागि अल्टिमा लाइफस्टाइलले हालसालै स्वस्तिमा खड्कालाई आफ्नो कम्पनीको उत्पादनको ब्राण्ड एम्बास्डर घोषणा गरेको थियो । स्वस्तिमाको युवा जोस र सक्रिय जीवनशैली ब्रान्डको आदर्श अनुरूप मेल खान्छ, जसले गर्दा उनी कम्पनीको परिकल्पना प्रवर्द्धन गर्न सही छनोट हुन पुगेको कम्पनीको भनाइ छ । नयाँ प्रविधिको प्रयोग, इन्जिनियरिङ नवीनता र किफायती मूल्य निर्धारण गरी अल्टिमाको लक्ष्य व्यापक ग्राहकहरूको विविध रूचि र शैलीमाझ आफ्नो पहुँच विस्तार गर्ने रहेको कम्पनीको भनाइ छ । यसको उल्लेखनीय सुविधाहरू र किफायती मूल्य निर्धारणले स्मार्टवाचको बजारलाई पुनः परिभाषित गर्नेछ ।

अल्टिमा वाच म्याजिकसहित अल्टिमा लाइफस्टाइलका उत्पादनहरू लोकप्रिय अनलाइन प्लेटफार्महरू दराज र नेपालभरका अफलाइन स्टोरहरूमा उपलब्ध छन् । विशिष्ट ग्राहक सेवाप्रति ब्रान्डको प्रतिबद्धतालाई हालै सम्पन्न 'दराज सेलरस मिट' मा 'द फास्टेस्ट डेलिभरी अवार्ड' बाट सम्मानित गरिएको थियो । जसमा ७०० भन्दा बढी ब्रान्ड र बिक्रेताहरूको सहभागिता थियो । अल्टिमा वाच म्याजिक आधिकारिक क्षमा जेठ ४ गतेदेखि बजारमा उपलब्ध हुनेछ । वाच म्याजिकको पहिले नै बजार मूल्य तीन हजार पाँच सय ९९ रूपैयाँ तय भएपनि अल्टिमाले दराजका पहिलो १०० ग्राहकहरू र हुकुटका पहिलो ५० ग्राहकहरूका लागि विशेष परिचयात्मक मूल्य दुई हजार नौ सय ९९ रूपैयाँमा वाच म्याजिक उपलब्ध गराउने जनाएको छ ।

समस्या समाधान हुने हानको अपेक्षा

आर्थिक संवाददाता
काठमाडौं, जेठ २

होटल संघ नेपाल (हान)ले मौद्रिक नीतिको समीक्षामार्फत् समस्याग्रस्त होटल क्षेत्रलाई सम्बोधन गर्ने प्रयास स्वागतयोग्य भएको बताएको छ । होटल क्षेत्रलाई राहत दिने उद्देश्यले २०८० असार मसान्तसम्म कर्जाको पुनःसंरचना र पुनःतालिकीकरण गर्न पाउने घोषित नीतिका लागि हानले नेपाल राष्ट्र बैंकलाई धन्यवाद ज्ञापन गरेको हो ।

हानको कार्यकारिणी परिषद् बैठकले मौद्रिक नीतिको समीक्षामा गरिएका प्रावधान स्पष्ट र सरल ढङ्गमा छिटोभन्दा छिटो लागू गर्न कार्यविधि र निर्देशिका बैंक तथा वित्तीय संस्थालाई परिपत्र गरिनुपर्ने माग समेत गरेको छ । घोषित नीति तथा निर्देशन लागू गर्न कार्यविधि र निर्देशिका जारी गर्न ढिलाइ तथा बैंक तथा वित्तीय संस्थाका सम्बन्धित सञ्चालक समितिबाट समेतको निर्णय देखाएर फरक र ढिलो गर्ने व्यवहारप्रति ध्यानाकृष्ट गर्दै हानले यस विषयमा बैंकर्स संघसँग नजिकबाट सहकार्य गर्नुपर्ने आवश्यकता औंल्याएको छ । एकल अंकको ब्याजदरप्रति हानले गर्दै आएको माग र आगामी आर्थिक वर्षको सरकारी नीति तथा कार्यक्रम, राष्ट्रिय बजेट, वित्तीय एवं मौद्रिक नीतिमा यस क्षेत्रको सुधार तथा विकासका लागि होटललाई राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगको मान्यता दिन माग गरेको छ ।

पर्यटन तथा होटल क्षेत्रको विकासका लागि राष्ट्रिय कार्यनीतिसहितको व्यवसायमैत्री दूल प्रकृतिका प्रवर्द्धनात्मक कार्यक्रमलगायत कोभिडपछि क्रमशः उत्थान हुँदै आएको होटल तथा पर्यटन क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर बजेट तथा कार्यक्रम आवश्यक रहेको हानले जनाएको छ । बैठकले आगामी जनवरीमा नेपाल आतिथ्य दिवस आयोजना गर्ने पनि निर्णय गरेको छ । त्यसैगरी, आतिथ्य तथा उद्योग वाणिज्य क्षेत्रका शशिकान्त अग्रवाल र रविभक्त श्रेष्ठलाई हानको मानार्थ सदस्यता प्रदान गर्नुका साथै बैठकले पूर्वकार्यसमिति सदस्य घनश्याम श्रेष्ठको संयोजकत्वमा होटल सङ्घ नेपाल बागमती प्रदेश तदर्थ समिति पनि गठन गरेको हानले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

हकदावी सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०८०/०२/०३ गते बुधबार

यस संस्थाको तपसिलमा उल्लेखित निक्षेपकर्ताहरूको विभिन्न मितिमा निधन भएको हुँदा निज मृतकहरूको नाममा यस संस्थाको देहायमा उल्लेखित शाखा कार्यालयहरूमा रहेको निक्षेप रकम मेरो नाममा दिलाई पाऊँ भनि निम्न लिखित हकवालाकर्ताहरूले वित्तीय संस्था समक्ष निवेदन पेश गरेकी हुँदा सो निक्षेप उपर निज निवेदकहरू बाहेक अन्य कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र आफ्नो सक्षम प्रमाणको कागजात सहित यस वित्तीय संस्थाको शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा दावी निवेदन पेश गर्नेको लागि अनुरोध गरिन्छ । उल्लेखित म्याद भित्र कसैको दावी निवेदन पेश हुन नआएमा निवेदकको माग दावी बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ । म्याद भित्र लिखितपूर्वक प्राप्त नभएको निवेदन उपर कुनै कारवाही हुने छैन ।

तपसिल

क्र.सं.	खाताधारकको नाम	ठेगाना नागरिकता अनुसार	बाबुको नाम	हजुरबाबाको नाम	मृत्यु भएको मिति	हकदावीकर्ताको नाम	नाता	शाखा
१	सजान भोची	प्रभावति ४, सिरहा	मधुरी भोची	–	२०७९/०३/०२	बिन्दे भोची	श्रीमान्	छुपरादी

गोर्खाज फाईनान्स लिमिटेड
Gurkhas Finance Limited
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय, भरतपुर रोड, सिन्धीबजार, काठमाडौं
फोन नं : ०१-५४३०८१५

प्रदेश सरकार
लुम्बिनी प्रदेश
प्रदेश पूर्वाधार विकास प्राधिकरण
राप्ती उपत्यका
दाङ, नेपाल

राप्ती प्रादेशिक अस्पताल संचालन आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सुनुवाईको सूचना

(प्रकाशित मिति : २०८०/०२/०३)

लुम्बिनी प्रदेश दाङ जिल्ला तुलसीपुर उपमहानगरपालिकामा प्रदेश पूर्वाधार विकास प्राधिकरण, लुम्बिनी प्रदेशद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगाना	प्रदेश पूर्वाधार विकास प्राधिकरण, दाङ उपत्यका, दाङ, लुम्बिनी प्रदेश
प्रस्तावको व्यहोरा	राप्ती प्रादेशिक अस्पताल संचालन
प्रभाव पार्न सक्ने क्षेत्र	दाङ जिल्ला, तुलसीपुर उपमहानगरपालिका, वडा नं. ५

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सौन्दृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो क्षेत्रको स्थानिय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालासँग अन्तरक्रिया गर्न सार्वजनिक सुनवाई गर्नुपर्ने प्रावधान बमोजिम निम्न लिखित स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले सम्पूर्ण सरोकारवालाहरूलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय तथा सुझावहरू दिनु हुन अनुरोध गर्दछौं ।

सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय

स्थान : राप्ती प्रादेशिक अस्पतालको प्रांगण, तुलसीनगर उपमहानगरपालिका, वार्ड नं. ५, दाङ
मिति : २०८०/०२/०५ गते शुक्रवार
समय : दिउँसो १ बजे

Katari Municipality
Office of Municipal Executive
Koshi Province, Udayapur

Letter of Intent to Award the Contract

Date of publication: 17th May, 2023 (2080/02/03)

This is to notify all the concerned bidders that it is our intention to award the contract to the following bidder selected as substantially responsive lowest evaluated bid for the execution of work under Contract ID given below.

S. N.	Contract ID	Description of work	Name and Address of Successful Bidder	Bid Price including VAT and PS
1	KM/Udayapur/ W/NCB/08/079/80	Supply and Installation of Bailey Bridge over Maruwa Khola, Chula Dhunga	M/S Aaryan Construction Multipurpose, Udayapur	11,713,165.46

This notice is published as per PPA 2063 clause 27.2 & 27.3.

Chief Administrative Officer